# शान्ति निर्माण प्रक्रिया र सेना समायोजन

हाल स्थापित शान्ति भदौं १४ भित्र संविधानको मस्यौदा आउन नसक्दा धरापमा पर्ने हामी सबैले अनुभूत गरेका छौं । हामी नेपालीको स्वतन्त्र नागरिकका रुपमा सुरक्षित अनुभूत गर्दै, शान्त नेपालमा आफैले लेखेको संविधान अन्तर्गत बस्न र बाँच्न पाउने अधिकार अहिले सेना समायोजन पहिला वा संविधान पहिला भन्ने राजनैतिक पार्टिहरुको द्धन्द्धका बिच बन्धक बनाइएको छ । **"सेना समायोजन"** शान्ति निर्माण प्रक्रियाको महत्वपूर्ण पाटो हो । तर यति मात्रै होइन शान्ति निर्माणका लागि आवश्यक पर्ने शान्ति सम्झौता भित्र स्पष्ट किटान गरिएका मुद्दाहरु समेत **"सेना समायोजन"** को वहसले ओझेलमा पारिएका छन् । यो अवस्था रहदासम्म न त संविधान नै बन्छ न त शान्ति स्थापना नै हुन्छ ।

द्धन्द्ध पछिका मुलुकहरुमा Disarmament, Demobilization, र reintegration (DDR) र Security sector reform (SSR) जस्ता सोच र तिनका लागि गरिने कार्य र प्रक्रियाहरुले महत्वपूर्ण स्थान ओगटेका हुन्छन् । युद्धमा संलग्न पक्षधरसँग रहेको हतियारको व्यवस्थापन, सेनाको आकार र रुपमा परिवर्तन, सशस्त्र द्धन्द्धमा संलग्न लडाकुहरुको समाज र देशको मूलप्रवाहमा एकीकरण जस्ता विषयहरुका बारेमा DDR सम्बन्धी सोचले स्पष्ट पार्दछ । त्यसैगरि SSR सम्बन्धी सोच नागरिक तथा राज्यलाई संरक्षण गर्नका लागि बल प्रयोग गर्ने वा बल प्रयोग गर्ने अख्तियारी दिन सक्ने (जुन प्रायःजसो द्धन्द्धको कारणको रुपमा पनि रहेको हुन्छ) व्यक्ति, संस्था संरचनाहरुको सोचहरुमा परिवर्तन गर्ने सोच हो ।

हाल शान्ति निर्माण प्रक्रियामा देखिएका अप्ठ्याराहरु यिनै सोचहरु भित्र रहेको विरोधाभासापूर्ण बुझाई र गराईमा जेलिएको छ जस्तो देखिन्छ । नेपालको शान्ति प्रक्रिया नेपालीद्वारा अधि बढाइएको, नेपाली साँचोमा ढालिएको प्रक्रिया हो । जुन आफैमा गर्व गर्न लायक को छ । त्यसैले हाम्रो देशमा अगाडि बढि रहेको शान्ति प्रक्रिया संसारमा स्थापित DDR र SSR मध्य एउटालाई अंगालेर अगाडी बढेको नभै यी दुवैको मिश्रित रुप हो भन्ने हाम्रो ठहर छ । २०६३ मंसीर ५ गते हस्ताक्षरित शान्ति सम्झौताले यही रुप दिने सोचलाई आत्मसात गरेको छ ।

शान्ति सम्झौतामा माओवादी जनमुक्ति सेनाका लडाकाहरुको व्यवस्थापनका साथै स्पष्ट रुपमा नेपाली सेनाको लोकतान्त्रीकरण, उपयुक्त आकार, राष्ट्रिय र समावेशी चरित्र निर्माण गर्ने प्रतिबद्धतालाई सार्वजनीक गरिएको छ । यसका साथै उक्त दस्तावेजमा नेपाली सेनालाई मानवअधिकारको मूल्यद्वारा प्रशिक्षित गर्ने लगायतका काम गर्नुपर्ने आवश्यकता समेत स्पष्ट किटान गरिएको छ । तर अहिलेको विकासक्रम हेर्ने सरकार र सेना समायोजनको विशेष जिम्मेवारी लिएको निकाय समेतलाई सेनाको  लोकतान्त्रीकरण उपयुक्त आकार र समावेशी चरित्रका साथै मानव अधिकारका मूल्य, मान्यता अनुरुप प्रशिक्षित गर्ने कार्य महत्वपूर्ण नभएको हो कि ? भन्ने देखिन्छ ।

देशमा स्थापित सुरक्षा संयन्त्रहरुमा सुधार र परिवर्तन (SSR) हुन नसक्दा सेनाको लोकतान्त्रीकरण सम्भव छैन । शान्ति सम्झौतामा अपेक्षा गरिएको शान्ति प्रक्रिया अगाडी बढ्न सक्दैन । अपेक्षित उपलब्धि हासील हुन सक्दैन ।

कार्यक्रमको तहमा हेर्ने हो भने SSR का लागि सुरक्षा (आर्मी), पुलिस, न्याय प्रणाली जस्ता संरचनाहरुमा हस्तक्षेपमूलक ढंगले सुधार र यर्थाथवादी रुपान्तरण गर्नुपर्दछ । साथै सरकार र संसदको निर्णय गर्ने परिपाटीमा परिवर्तन, लोकतान्त्रिक जवाफदेहिता, पारदर्शिता जस्ता आधारभूत व्यवहारहरु अवलम्बन गर्नु आवश्यक हुन्छ । यसका साथै DDR र SSR को फराकिलो छाता मुनी राखेर हेर्नु जरुरी हुन्छ । शान्ति प्रक्रियाको शुरु देखि द्वन्द्वरत पक्षहरुलाई हतियारबाट छुट्याउने हतियारधारी समूहरुलाई प्रशासनिक दायरामा ल्याउने र केही समयको लागि क्याम्पमा राख्ने, समाजमा मूलप्रवाहीकरण गर्नका लागि तयार गर्ने काम गरिन्छ ।

हामीकहाँ DDR लाई शान्ति निर्माण प्रक्रियाको एउटा महत्वपूर्ण पाटोको रुपमा लिई कामहरु थालियो । माओवादी जनमुक्ति सेनालाई क्याम्प (क्यान्टोमेन्ट) मा राखियो । नेपाली सेना लाई ब्यारेकमा सिमित गरियो । बरावर मात्रामा हतियारहरु कन्टेनरमा राखियो । यि निश्चय पनि शान्ति निर्माण प्रक्रिया भित्र हासिल उपलब्धीहरु हुन ।

तर यो प्रक्रियामा DDR को एउटा महत्वपूर्ण पक्ष महिलाहरुका आवश्यकता, मुद्दाहरु र स्थानलाई सम्बोधन गर्ने कार्यलाई भने महत्व दिइएन । ने.क.पा माओवादीले आफ्नो जनमुक्ति सेना भित्र ४० प्रतिशत महिला रहेको कुरा मौखिक, लिखित सबै प्रकारले सार्वजनिक गरेको छ । तर ती ४० प्रतिशत महिलाका मुद्दाहरु उनीहरुको सशक्तीकरण र आत्मविश्वासलाई दरवल नपार्ने गरी कसरी सम्वोधन गरिन्छ ? त्यसमा आफ्नो धारणा अझै प्रष्ट पारेको छैन ।

अहिले माओवादीका जनुमक्ति सेनालाई विभिन्न क्याम्पमा राखिएको ४ वर्ष भईसकेको छ । यो अवधिमा त्यहाँभित्र धेरै परिवर्तनहरु भएको छन् । धेरै लडाकाहरु परिवारमा बाधिएका छन् । महिलाहरुले चाहना र बाध्यता दुवै अवस्थाका कारण प्रजनन् गर्ने आफ्नो विशेष भूमिका निर्वाह गरेका छन् । यी कारणहरुलाई आधार बनाई माओवादी जनमुक्ति सेनाभित्र महिलाहरु ओझेलमा पारिन थालिएको हो कि भन्ने भान हामीलाई हुन थालेको छ । पार्टीद्वारा पटक पटक जनमुक्ति सेनामा ४० प्रतिशत महिला छन् भन्ने कुरा दोहोर्‍याउनु तर क्याम्पमा (क्यान्टोमेण्ट) मा २० प्रतिशत मात्रै महिला हुनु एउटा संयोग मात्र हो भन्ने हामीलाई लाग्दैन । त्यसैगरि अहिले सेना समायोजन एंव पुनर्स्थापनका कदमहरुलाई नियाल्दा र सेना सम्बन्धी मापदण्डलाई हेर्दा र यो अनुरुप नै सेना समायोजन हुनुपर्दछ भन्ने जिकीरलाई विश्लेषण गर्दा यी बाकी २० प्रतिशत महिला नै सर्वप्रथम नेपाली सेनामा समायोजन हुन नसक्ने समूहमा पारिन्छन् भन्ने स्पष्ट देखिएको अवस्था छ । यो हामी महिलालाई मान्य छैन ।

हालसम्म स्थापित सेना सम्बन्धी सोच, निर्धारित मूल्य, मान्यता र जनमुक्ति मापदण्डहरुले "पुरुषत्व" लाई प्रवर्द्धन गर्दछन् । "शक्ति" लाई केन्द्रमा राख्दछन् । "सेना" शक्तिको माध्यमबाट

प्राप्त गर्न सकिन्छ भन्ने विश्वास राख्दछन् । शक्तिले देश र समाजलाई सैनिकीकरण गर्न सके दह्रो हुन्छ र त्यसबाट मात्रै नागरिकलाई सुरक्षा दिन सकिन्छ भन्ने मान्यता प्रवर्द्धन गर्दछ ।

त्यस्ता सोच गलत हुन् । यिनले सुरक्षा होइन हिंसा गर्ने र देशमा असुरक्षा निम्त्याउने आधार तैयार गर्दछ भन्ने हामी महिलाहरुको ठहर छ ।

त्यसैले देशमा दिगो शान्ति स्थापित गर्न यी सोचहरु परिवर्तन गरिनु ुपर्दछ भन्ने मान्यता राख्दछौं, यसका लागि अहिलेसम्म स्थापित सुरक्षा सम्बन्धी सोच, धारणा र व्यवहारमा परिवर्तन नितान्त आवश्यक छ ।

अहिले शान्ति निर्माण प्रक्रियाको महत्वपूर्ण पक्षको रुपमा रहेको सुरक्षा संयन्त्रमा हस्तक्षेपकारी परिवर्तन जरुरी छ भन्ने आवश्यकता बोधले प्रदान गरेको अवसरलाई सोही तरिकाले प्रयोग गर्न सके यी सोचहरुमा परिवर्तन हुन सक्दछ ।

DDR राष्ट्र विकासको रणनीतिलाई सघाउने तवरले गरियो भने प्रभावकारी हुन्छ भन्ने विभिन्न देशको अनुभवहरुले देखाई सकेका छन् । त्यसकारण हामी महिलाहरु हाम्रो देशभित्र शुरु गरिएको पुनएकिरकण वहस "महिलाहरुको समानुपातिक सहभागिता" प्रति प्रतिबद्ध राष्ट्रिय नीतिलाई सघाउन सक्दछ भन्ने तर्फ केन्द्रित हुनुपर्दछ भन्ने मान्यता राख्दछौ ।

नेपाली सेना (पूर्व शाही नेपाली सेना) सयौं वर्षदेखि राजतन्त्रको नियन्त्रणमा रहेको सेना हो । यो सेनाले विगतमा नेपाली नागरिकहरुको हितभन्दा राजतन्त्रको हित संरक्षण गर्न आफ्नो शक्ति प्रयोग गर्ने गरेको उदाहरणहरु हामीसँग छन् । त्यसैगरी यो सेनाको मानव अधिकारको रेकर्डहरुमा पनि धेरै प्रश्नहरु छन् । महिलाको दृष्टिकोणले हेर्दा सेना पूर्ण रुपले नै पितृसत्तात्मक मूल्य, मान्यताहरुबाट निर्देशित छ । यो सेनाभित्र देशको जातीय, वर्गीय, प्रान्तीय लैगिंक बनोटको झलक समेत देखिंदैन । त्यसकारण आज पनि यो सेना मेरो हो भनी नेपालीले आत्मसात गर्न सक्ने अवस्था छैन ।

त्यसैगरि माओवादी जनमुक्ति सेना पनि एउटा राजनैतिक दर्शनबाट प्रशिक्षत र एउटा पार्टीको मूल्य मान्यताबाट निर्देशित सेना हो । यो समूह भित्र देशका सबै वर्ग, क्षेत्र, लिङ्ग, जातहरु समावेश भएता पनि त्यो भित्र रहेको "शक्ति" को प्रयोग गरी सत्ता कब्जा गर्ने आफ्नो सिद्धान्त नमान्नेलाई दुश्मनका रुपमा हेर्ने सोच सबै नेपालीका लागि मान्य हुन सक्दैन । यो कुनै पनि बहुदलीय लोकतन्त्र मान्नेलाई स्वीकाय हुदैंन ।

यसका साथै सशस्त्र द्वन्द्वको क्रममा यि दुवै पक्षबाट नेपाली नागरिकहरुको मानव अधिकार हनन भएको हो । ज्यादती भएको हो । अपराध गर्ने आधार तैयार गरिएको छ र अपराध भएको हो । यसको उपयुक्त अनुसन्धान, सत्य तथ्यहरुको सार्वजनिकरण गरि दोषीलाई सजाय नभएसम्म सेनाको एकीकरण मात्रले न त शान्ति स्थापना हुन्छ नत नागरिकहरुले सुरक्षाको अनुभूत नै गर्न सक्दछ ।

सुरक्षा संयन्त्रहरुमा हस्तक्षेपकारी भूमिका (SSR) को आवश्यकता यिनै स्थितिहरुले औंल्याएका छन् । तसर्थ अहिले चलेको सेना समायोजन सम्बन्धी कदममा नेपाली सेनाभित्र रहेका यी कमजोरीहरुलाई कसरी व्यवस्थापन गर्न सकिन्छ भन्ने विषय  प्राथमिकता पाउनु जरुरी छ ।

यो पृष्ठभूमिमा माओवादी जनमुक्ति सेना भित्र रहेका महिला लडाकाहरुलाई नेपाली सेनामा समानुपातिक प्रतिनिधित्वको आधारमा समायोजन गर्न सक्दा अहिले स्थापित नेपाली सेना भनेको पुरुषहरुको मात्र हो भन्ने सोचमा परिवर्तन गर्न सकिन्छ । नयाँ नेपाल सरकार समानता र सामाजिक न्यायप्रति समर्पित छ भन्ने तथ्य सार्वजनिक गर्न सकिन्छ । तसर्थ सेना समायोजन विशेष समितीले यसका लागि विशेष पहल गर्नु अनिवार्य छ ।

यसका साथै शान्ति सम्झौताको मर्म अनुरुप नेपाली सेनाको लोकतान्त्रीकरण गरी त्यसलाई समावेशी र मानव अधिकारको मूल्य मान्यताबाट दिक्षित एवं निर्देशित सेनाको रुपमा स्थापित गराउनु पर्दछ । यो क्रममा सेनाको आकार अहिले भन्दा सानो र व्यवस्थीत कसरी हुन्छ, त्यसमा समेत सचेत भई अगाडी बढ्नु आवश्यक छ ।

निष्कर्षमा अहिले नेपालमा स्थापित शान्ति निर्माण प्रक्रियालाई दिगो शान्तिमा रुपान्तरण गर्ने आधारको रुपमा रहेको सेना समायोजनको विषय जति गंम्भीर र त्यतिनै गंम्भीर छ नेपाली सेनाको लोकतान्त्रीकरण र समावेशी चरित्रको निर्माण SSR भित्र DDR लाई राखी काम अगाडी बढाउन यी दुवै कार्य फलदायी हुन सक्दछन् ।

तसर्थ अहिलेसम्म स्थापित राज्यका सुरक्षा संरचनाहरुमा परिवर्तन नभएसम्म DDR ले मात्र नेपाली जनतालाई अब देशमा शान्ति स्थापित हुन्छ भन्ने विश्वास हुन सक्दैन । त्यसैले सेना समायोजन को सोचलाई सुरक्षा संयन्त्रको रुपान्तरणसँग जोडेर लानु जरुरी छ । यसका लागि पहिलो चरणको रुपमा सेना भनेको पुरुषत्व सम्बन्धी सोच प्रवर्द्धन गर्ने निकाय हो भन्ने यथार्थतामा आधारित मान्यतामा परिवर्तन गर्न सकिन्छ । दोस्रो नेपाली सेना शान्ति र मानव अधिकारप्रति प्रतिवद्ध छ भन्ने स्पष्ट बनाउन माओवादी र नेपाली सेनाद्धार गरिएका मानव अधिकार हनन, ज्यादती र अपराधहरुको उचित अनुसन्धान गरी दोषीलाई कारवाही गर्नु आवश्यक छ ।

दोषीहरुलाई कारवाहीको प्रक्रिया अघि बढाई एकीकरणको क्रममा माओवादी जनमुक्ति सेनाभित्र रहेको विविधताको उपयो्ग गरी सेनालाई समावेशी बनाउन सकिन्छ । समावेशी बनाउँदा संसारका त्यस्ता देशहरु जहाँ शान्ति निर्माण प्रक्रियालाई महत्व दिइयो, सेनाको आकार ठूलो बनाईयो त्यहाँ शान्ति निर्माण प्रक्रिया अधुरो रहयो भन्ने तथ्य तर्फ  पनि सचेत हुनु त्यतिकै आवश्यक छ । यी तथ्यहरुमा सचेतभई अगाडी बढाउन सबै राजनैतिक पार्टिहरुले जिम्मेवारी वहन गरेमात्र देशमा दिगो शान्ति स्थापना हुने आधार तयार हुन सक्दछ । संविधान बन्न सक्दछ । अन्यथा  २०६२/६३ को जनआन्दोलनका उपलब्धीहरु गुम्न सक्नेछन् ।